# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७५/०७६
चलानी नं. २०४६

मितिः २०७६।०३।२५

## विषयः दरभाउपत्र आब्हान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०३/२६

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा भीरकोट नगरपालिकाको मिति २०७६/०३/२५ को निर्णय अनुसार यस भीरकोट नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ को लागी तपशिलमा उल्लेखित सडक सेवा उपयोग शुल्क संकलन गर्ने प्रयोजनको लागि १५ दिने सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवंन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

**ठेक्का नं. १-२०७६/०७७ को सडक सेवा उपयोग शुल्कः**

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | आर्थिक वर्ष २०७६/०७७ को लागि न्यूनतम अंक रु | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | १.१ | बयरघारी-बगरेबजार-ढापुक पर्वत ग्रा.स. | ४,००,०००/- | १०००/- |
| | | बयरघारी-बगरेबजार-मोहनडाँडा पर्वत ग्रा.स. | | |
| | | बयरघारी-बगरेबजार-स्वरेक टापु ग्रा.स. | | |
| | | बयरघारी-पुल्कोमुख-चुनडाँडा-तिसेदी ग्रा.स. | | |
| २ | १.२ | हेलु-बलमाटा-अर्जुनचौपारी सडक ग्रा.स. | ९,२१,०००/- | १०००/- |
| ३ | १.३ | बयरघारी-जगतपुर-केघा ग्रा.स. | २,६०,०००/- | १०००/- |
| | | दार्सिङ्ग-केघा ग्रा.स. | | |
| | | बयरघारी-बानेथोक-बिरुवा ग्रा.स. | | |
| | | छाङ्गछाङ्गदी-दभुङ्गठाटी ग्रा.स. | | |

प्रमुख प्रशासकिय अधिकृत

वेबसाईटः- www.bheerkotmun.gov.np
फोनः- ०६३४००१०६, ०६३४००१७७
सामाजिक संजालः- bheerkotmun
इमेलः- info@bheerkotmun.gov.np
फ्याक्सः- ०६३४००१७७
Bheerkot Municipality

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
पत्र संख्याः ०७५/०७६
चलानी नं.
गण्डकी प्रदेश, नेपाल

**शर्तहरुः-**

१) दरभाउपत्र पेश गर्न व्यक्तिले ( १ लाख ५० हजार सम्मको हकमा मात्रै ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर पछि फिर्ता नहुने गरि नगदै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र १६ (सोह्रौं) दिन मिति २०७६/०४/०९ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा भोलिपल्ट वा कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको मेगा बैंक, भीरकोट शाखाको ग-३ १०६००१०००५८९८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७६/०४/०९ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ

६) दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको मेगा बैंक, भीरकोट शाखाको ग-३ १०६००१०००५८९८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७६ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ट बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७६ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७६ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी बापत जम्मा

प्रमुख प्रशासकीय अधिकृत

भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित मालवस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ। संझौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट दरभाउपत्र फारामसाथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पूर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला तथा नगरको दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ ।

८) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् ।

१०) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

११) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा नगरपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

१२) स्थानीय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिने छ ।

१३) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन।

१४) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१६) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१७) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्र धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ।

१८) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ । साथै प्रदेश/संघीय सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ ।

१९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

धर्म राज ढुंगाना

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत